मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामनगर,मिर्चैया,सिरहा
मधेश प्रदेश

**मिति २०७८ साल चैत्र २१ गते बसेको ४८ औ नगर कार्यपालिका बैठकका प्रस्तावहरु तथा निर्णयहरुः**

मिति २०७८ साल चैत्र २१ गते गतेका दिन नगरप्रमुख श्री श्रवण कुमार यादव ज्यूको अध्यक्षतामा एवं कार्यपालिका सदस्यहरुको उपस्थितिमा देहायको बिषयहरु माथि छलफल तथा निर्णय गरि बैठक सम्पन्न गरियो ।

<u>उपस्थितिः-</u>

१.नगर प्रमुख श्री अवण कुमार यादव -अध्यक्ष

२. नगर उप-प्रमुख श्री जिबछि देबी साह -सदस्य

३.वडा अध्यक्ष-१ श्री घनिकलाल यादव -सदस्य

४. वडा अध्यक्ष-२ श्री लक्ष्मेश्वर कापर -सदस्य

५. वडा अध्यक्ष-३ श्री हरिनारायण यादव -सदस्य

६. वडा अध्यक्ष-४ श्री दिनेश कुमार यादव -सदस्य

७. वडा अध्यक्ष-५ श्री धीरेन्द्र कुमार साह -सदस्य

८. वडा अध्यक्ष-६ श्री देवकृष्ण साह -सदस्य

९. वडा अध्यक्ष-७ श्री चिरन्जिबी खतिवडा -सदस्य

१०. वडा अध्यक्ष-८ श्री रामजगत यादव -सदस्य

११. वडा अध्यक्ष-९ श्री श्री मोहन प्रसाद पोखरेल -सदस्य

१२. वडा अध्यक्ष-१० श्री रामचन्द मन्डल -सदस्य

१३. वडा अध्यक्ष-११ श्री कृष्ण कुमार हजाम -सदस्य

१४. वडा अध्यक्ष-१२ श्री तपेश्वर यादव -सदस्य

१५. कार्यपालिका सदस्य श्री भगिरथ साह -सदस्य

१६. कार्यपालिका सदस्य श्री विजय कुमार साह -सदस्य

१७. कार्यपालिका सदस्य श्री निलम कुमारी हाथि -सदस्य

१८. कार्यपालिका सदस्य श्री कुश्मा देवी साफी -सदस्य

१९. कार्यपालिका सदस्य श्री रेखा कुमारी -सदस्य

२०. कार्यपालिका सदस्य श्री बिनु कुमारी राम -सदस्य

२१. कार्यपालिका सदस्य श्री सुजी देवी सदा -सदस्य

२२. कार्यपालिका सदस्य श्री उमेश सिंह -सदस्य

२३.प्र.प्र. अधिकृत श्री श्री डम्बरध्वज आङदेम्बे -सचिब

**प्रस्ताव न.१.२५ सैयाको अस्पताल संचालन कार्यबिधि २०७८ सम्वन्धमा ।**

निर्णय

निर्चैया नगरपालिका अन्तर्गत रहेका प्राथमिक स्वास्थ्य केन्द्र मिचैयालाई स्तरोन्नति गरि २५. सैयाको अस्पतालमा परिणत गर्नको लागि २५ सैयाको अस्पताल संचालन कार्यविधि २०७८ लाई सर्वसम्मत रुपबाट पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव न.२. स्थानीय पाठ्यक्रम स्वीकृत र लागु गर्ने सम्वन्धमा।**

निर्णय

यस मिचैया नगरपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण विद्यालयहरुमा कक्षा १ देखि ५ सम्म स्थानीय पाठ्यक्रम स्वीकृत गरि लागु गर्ने सर्वसम्मतवाट निर्णय गरियो।

**प्रस्ताव न.३.प्रशासकीय भवन ठेक्का सम्वन्धमा ।**

निर्णय

मिति २०७२ जेठ १८ गते मिर्चैया नगरपालिका र एक्सीस एसियन कन्स्ट्रक्सन कंम्पनी लि.बीच ठेक्का न. MNP/NCB/02/071-72 बाट प्रशासकिय भवन निर्माणको लागि रकम २,७२,६९,८४८/७१ मा सम्झौता भई कार्य सम्पादन जमानतको आधारमा कूल सम्झौता रकमको १०% रकम मोबिलाईजेशन पेश्की रकम २७,२७,०००/- दिएर कार्यारम्भ गरिएकोमा केहि प्राविधिक तथा अन्य स्थानिय एवम राजनैतिक कारणका आधारमा निर्माण स्थल सम्बन्धि दुबिधा उत्पन्न हुन गएको सन्दर्भमा श्री मोहन उच्च मा.बि मिर्चैया तथा सडक डिभिजन कार्यालय लहानको मिर्चैया स्थित जग्गा प्राप्ति गरि कार्य शुरु गर्ने विभिन्न औपचारिक एक अनौपचारिक प्रयासहरु गर्दा समेत सम्भव नभएको र निज निर्माण व्यवसायीवाट पटक पटक लिखित एवम मौखिक रुपमा ठेक्का व्यवस्थापनको लागि अनुरोध समेत भइ रहेको परिस्थितिमा निज निर्माण व्यवसायीबाट मोबिलिजेशन पेश्की

बापतको पेस्की रकम मिर्चैया नगरपालिकाको संचित कोष खाता न.६६४१४९८७४८५२४००१ एन.आइ.सी. एशिया मिर्चैया शाखामा मिति २०७८/११/१८ गते कुल पेश्की रकम रु २,७७,००० बाट पेस्की फछ्र्योट रक रु २,४५,३६० दाखिला गरेको बैंक भौचर सहित २०७८/११/२० दर्ता न.२०६१ बाट कार्यालयमा भवन निर्माण सम्बन्धि निबेदन पेश गरेको सन्दर्भमा मिर्चैया नगरपालिकाको नगर सभाबाट स्वीकृत आ.ब. २०७४/०७५ को बार्षिक नीति तथा कार्यक्रम र बजेटको निर्णय न. ५३ समेतको आधारमा निज निर्माण व्यवसायीको धरौटी बापतको रकम रु ५४,२८४ जफत गर्ने र निज निर्माण व्यवसायीसंग भएको ठेक्का रद्द गर्ने निर्णय गरियो, साथै मिर्चैया नगरपालिका नगर कार्यपालिका कार्यालयको जिम्मेवारीको आधारमा आबश्यक पर्ने जग्गाको कुल क्षेत्रफल यकिन गरि मिर्चैया नगरपालिकाको लागि तोकिएको केन्द्रमा उपयुक्त ( सार्बजनिक वा निजि जग्गा) निशुल्क वा शसुल्क रुपमा प्राप्ति पछी भवन निर्माणका लागि बजेट व्यवस्था गर्ने सम्बन्धमा उपयुक्त निर्णय गरि ब्यबस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.४. शहिद गेट उद्घघाटन सम्बन्ध ।**

निर्णय

मिर्चैया नगरपालिका वडा न. ६. मुनि चौक स्थित रहेको रामप्रताप साहको सालिक राख्न निर्माण गरिएको गेटमा सालिक राखी पूर्व प्रधानमन्त्रि श्री पुष्प कमल दाहाल ज्यूको हातवाट उद्घघाटन गर्ने र उक्त कार्यक्रममा उद्घघाटन खर्च आवश्यकता अनुसार गर्ने भनि निर्णय सर्वसम्मतवाट गरियो ।

**प्रस्ताव न.५. छात्रवृति सम्वन्धमा**

निर्णय

आजको यस बैठकबाट यसै मिर्चैया नगरपालिका वडा न. ४ बस्ने अहभिशेख महराले दिएको निबेदन अनुसार सो सम्बन्धमा मिर्चैया नगरपालिकाको कार्यालयबाट छात्रवृति स्वरूप १०००००/- (एक लाख) मात्र उपलब्ध गराउने भनी निर्णय गरियो।